nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

30°C । वर्ष : १०, अंक : ३५० पृष्ठ ४ । शुक्रबार,१६ साउन २०८२ । FRIDAY, AUGUST 01, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## पर्साका विद्यालयहरुमा “नियमविपरीत” प्रधानाध्यापक नियुक्ति नियमन गर्न शिक्षा इकाइको निर्देशन

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ साउन ।***

पर्सा जिल्लाका सामुदायिक विद्यालयहरूमा नियम मिचेर प्रधानाध्यापक नियुक्त हुँदै आएको पाइएको छ। नियुक्ति प्रक्रिया विधिवत नअपनाएको, एकैजनालाई लामो समयसम्म प्रअ बनाइराख्ने, र राजनीतिक तथा प्रशासनिक हस्तक्षेपमार्फत पदमा राख्नेजस्ता गम्भीर बेथिति देखिएपछि शिक्षा विकास तथा समन्वय इकाइ पर्साले हस्तक्षेप गरेको छ। शिक्षा नियमावली २०५९ (संशोधनसहित) को परिच्छेद १७, नियम ९३ अनुसार प्रधानाध्यापक नियुक्त गर्नुपर्ने व्यवस्था भए पनि जिल्लाभरका विद्यालयहरूमा यो कानुन पालना भएको देखिएको छैन । यही कारण इकाइ प्रमुख हरि राउतको नेतृत्वमा पर्साका १४ वटै पालिकालाई पत्राचार गर्दै अबदेखि नियुक्ति प्रक्रिया नियमअनुसार गर्न निर्देशन दिइएको हो । प्रधानाध्यापक नियुक्तिको विधि र शुद्धतामाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रले प्रश्न उठाएपछि शिक्षा मन्त्रालयको



मानव स्रोत विकास केन्द्रकी शाखा अधिकृत विजया सत्यालले साउन ७ गते निर्देशन जारी गरेकी थिइन् । त्यसको आधारमा पर्सा शिक्षा इकाइले साउन १२ गतेबाट विधिसम्मत प्रक्रिया लागू गर्न पालिकालाई आग्रह गरेको हो। शिक्षा नियमावली अनुसार एक व्यक्तिलाई पाँच वर्षभन्दा बढी एकैपटक प्रधानाध्यापकको जिम्मेवारी दिन मिल्दैन । नियुक्तिपूर्व आवश्यक परेमा विद्यालय व्यवस्थापन समितिले खुला प्रतिस्पर्धा, सिफारिस, वा लिखित परीक्षा मार्फत योग्य उम्मेदवार छनोट गर्नुपर्ने प्रावधान छ । तर, पर्सामा केही अपवादबाहेक सो प्रक्रिया कहिल्यै पालन गरिएको छैन । २०७४ सालमा मात्र चारजना प्रधानाध्यापक विधिवत प्रक्रिया पूरा गरी नियुक्त भए पनि त्यसयता सिफारिस, दबाब र चलखेलमार्फत ‘निमित्त’ बाट स्थायी प्रधानाध्यापक बनाउने प्रवृत्ति बढेको देखिन्छ । ३६२ वटा सामुदायिक विद्यालय रहेका पर्सामा अधिकांश प्रधानाध्यापकहरू राजनीतिक पहुँच, प्रशासनिक

बाँकी तेश्रो पृष्ठमा⇨

## लागुऔषध सेवन र आपराधिक गतिविधिमा संलग्न १६ युवा पक्राउ

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ साउन ।***




पर्सा जिल्लाका मुख्य सीमा नाकाहरूमा सुरक्षा चेकजाँचमा कडाइ गरिएसँगै भित्री सीमा नाकाहरूमा अवैध गतिविधि बढेको गुनासो बढेपछि प्रहरीले विशेष अभियान सुरु गरेको छ । यसै क्रममा जगरनाथपुर गाउँपालिकाको जानकीटोल चोकबाट लागुऔषध सेवन गरी होहल्ला र आपराधिक क्रियाकलापमा संलग्न १६ जना युवालाई प्रहरीले नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय पर्सा र इलाका प्रहरी कार्यालय जानकीटोलको संयुक्त टोलीले मंगलबार बिहान ११ बजेको समयमा उनीहरूलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार, पक्राउ परेका युवाहरू लागुऔषधजन्य प्रतिबन्धित ट्याब्लेट, इन्जेक्सन, कोरेक्स लगायतका पदार्थ सेवन गरी नेपाल प्रवेश गर्ने गरेका थिए र चेकजाँचका क्रममा प्रहरी कर्मचारीसँग अभद्र व्यवहारसमेत गरेका थिए। पक्राउ परेका १६ जना युवाहरूलाई सार्वजनिक शान्ति विरुद्धको कसूरमा पर्सा जिल्ला प्रशासन कार्यालयबाट १० दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक ९डिएसपी० तथा प्रवक्ता किशोर लम्सालले जानकारी दिए । पर्साका मुख्य सीमा नाकाहरुमा सशस्त्र प्रहरी र नेपाल प्रहरीले चेकजाँचमा कडाई गरेसँगै लागु औषध सेवनकर्ताहरु भित्री नाकाहरुलाई प्रयोग गरिरहेका थिए । ग्रामिण क्षेत्रमा झैझगडा, चोरी, सवारी दुर्घटना जस्ता घट्ना बढ्न थालेपछि त्यसलाई नियन्त्रण गर्न पर्सा प्रहरीले उनीहरुलाई पक्राउ गर्न अभियान नै चलाएको प्रवक्ता लम्सालले बताए । पक्राउ पर्नेहरूमा

## पर्सा र बारामा ७४ करोड विकास बजेट खर्च हुन सकेन

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ साउन ।***




मधेश प्रदेश सरकार मातहतका पर्सा र बारा जिल्लास्थित कार्यालयहरूले गत आर्थिक वर्षमा ठूलो परिमाणको विकास बजेट खर्च गर्न सकेनन् । प्रदेश लेखा इकाई कार्यालय बीरगन्जको तथ्याङ्कअनुसार, गत आवमा पर्सामा ८२ दशमलव ४८ प्रतिशत र बारामा ८५ दशमलव ८७ प्रतिशत मात्र बजेट खर्च भएको हो । दुवै जिल्लामा गरी करिब ७४ करोड रुपैयाँ खर्च हुन सकेन। पर्सामा गत आवमा २ अर्ब १९ करोड ८५ लाख ९८ हजार ९ सय ९० रुपैयाँ विकास बजेट विनियोजन भएकोमा १ अर्ब ८१ करोड ३४ लाख ९९ हजार ७ सय ६२ रुपैयाँ मात्र खर्च भएको छ । त्यस्तै, बारामा २ अर्ब ३६ करोड ६८ लाख ५४ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा २ अर्ब ३ करोड २४ लाख ६३ हजार २ सय २७ रुपैयाँ मात्र खर्च भएको हो ।पर्सामा जलस्रोत तथा सिँचाइ विकास डिभिजनको १६ करोड रुपैयाँ बजेटमध्ये १० करोड ८९ लाख ४५ हजार रुपैयाँ मात्र खर्च भएको छ । भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजनलाई विनियोजित १७ करोड २५ लाख रुपैयाँमध्ये ७ करोड ८७ लाख रुपैयाँ खर्च भएको छ। त्यस्तै, पूर्वाधार विकास कार्यालय पर्साको ९९ करोड ६ लाख रुपैयाँ बजेटमध्ये ८९ करोड ८ लाख रुपैयाँ खर्च भएको छ । बारामा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको ३१ करोड १३ लाख रुपैयाँ बजेटमध्ये २४ करोड ५७ लाख रुपैयाँ मात्र खर्च भएको छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयलाई विनियोजित ३८ करोड ७० लाख रुपैयाँमध्ये ३४ करोड २२ लाख रुपैयाँ मात्र खर्च भएको छ। प्रदेश लेखा इकाई कार्यालय पर्साका प्रमुख श्यामउदय ठाकुरले विकास निर्माणका योजना समयमा ठेक्का नलाग्नु, बजेट खर्च प्रणाली पुरानो हुनु र खरिद प्रक्रिया लामो हुनु मुख्य कारण भएको बताए।

## नेपाली नागरिकताको दुरुपयोग करोडौंको अवैध सम्पत्ति आर्जन

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ साउन ।***

भारतीय - मूलका निरन्जन कुमार अग्रवालले नेपाली नागरिकताको दुरुपयोग गरी करोडौं रुपैयाँको अवैध सम्पत्ति आर्जन गरेको प्रकरण सार्वजनिक भएको छ । पर्सा जिल्ला अदालतमा बिहीबार सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले ५१ करोड रुपैयाँभन्दा बढी बिगो कायम गरी उनीविरुद्ध मुद्दा दायर गरेको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसार, अग्रवालले झुट्टा विवरण पेश गरी नेपाली नागरिकता प्राप्त गरेका थिए । उनले श्रीमती रितुदेवी अग्रवाललाई पनि वैवाहिक अंगीकृत नागरिकता दिलाएका छन् । त्यसपछि दम्पत्तिले विभिन्न नाममा जग्गा, बैंक खाता, शेयर लगायतका सम्पत्ति किनेर ठूलो मात्रामा अवैध सम्पत्ति जम्मा गरेको खुलेको छ । अनुसन्धानमा अग्रवालले आफ्नो नाम मात्र नभएर श्रीमती र अन्य व्यक्तिहरूको नाममा समेत सम्पत्ति किनेर राखेको तथ्य फेला परेको विभागले जनाएको छ। बिगो कायम गरिएको रकम कुल ५१ करोड ११ लाख ९५ हजार ७० रुपैयाँ ८ पैसा पुगेको छ । विभागले अग्रवाललाई मनी लन्डरिङ निवारण ऐन, २०६४ अनुसार सजायको माग गर्दै सम्पूर्ण अवैध सम्पत्ति जफत गर्न र अपराध पीडित संरक्षण ऐन, २०७५ अनुसार पीडित राहत कोषमा क्षतिपूर्ति रकम जम्मा गर्न माग गरेको छ। यो प्रकरणले नेपाली नागरिकता र सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गर्नुपर्ने आवश्यकता पुष्टि गरेको छ।

## पोखरिया नगरपालिकाबाट निष्कासित कर्मचारी आन्दोलित

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ साउन ।***



पर्साको पोखरिया नगरपालिकामा जागीरबाट निकालिएका कर्मचारीहरु आन्दोलित भएका छन् । पोखरिया नगरपालिकाले ज्यालादारी र करारमा कार्यरत कर्मचारीहरुलाई साउन १ गतेदेखि जागीरबाट हटाएको थियो ।जागीरबाट हटाइएका ती कर्मचारीहरुले आँफुले काम गरेबापतको १ वर्षको तलबसुविधा र नियुक्ती गर्दाका बखत दिइएको करम फिर्ताको माग गर्दै आ न्दोलन थालेका हुन् ।

बिहीबार राष्ट्रिय मुक्ति पार्टी नेपालका केन्द्रिय राजनीतिक समिति सदस्य निजामुदिन समानीको अगुवाईमा उनिहरुले पोखरिया नगरपालिकाका मेयर प्रदुमन चौहानलाई चार बुँदे मागसहितको ज्ञापनपत्र पनि बुझाएका छन् । नियुक्तिपत्र दिदाका बखत गैरकानुनी रुपमा लिइएको रकम फिर्ता गर्नुपर्ने, जागीर अवधिसम्मको तलबभत्ता उपलब्ध गराउनुपर्ने , आगामी दिनमा आँफुहरुलाई रोजगार दिनुपर्ने लगायतका मागसहितको ज्ञापनपत्र उनिहरुले मेयर चौहानलाई बुझाएका हुन् ।माग एक महिनाभित्र पुरा नगरिएको खण्डमा नगरपालिकाविरुद्ध भण्डाफोर अभियानका साथ अझ सशक्त आन्दोलनमा उत्रिने चेतावनपनि उनिहरुले दिएका छन् ।

## बारामा ब्राउन सुगरसहित एकजना पक्राउ

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ साउन ।***



बारा जिल्लाको भलुही चोकबाट लागुऔषध ब्राउन सुगरसहित एक युवकलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय प्रसौनीबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाका आधारमा ती युवकलाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्ने व्यक्ति बारा जिल्ला, विश्रामपुर गाउँपालिका-१, निवासी मोबारक मियाका २२ वर्षीय छोरा अजमुल हक अंसारी रहेको प्रहरीले जनाएको छ ।

प्रहरी निरीक्षक टुपेन्द्र श्रेष्ठको कमाण्डमा खटिएको टोलीले अंसारीलाई फेटा गाउँपालिका-१ स्थित भलुही नजिकै कलैयाबाट प्रसौनीतर्फ पैदल यात्रा गरिरहेको अवस्थामा रोकी चेकजाँच गरेको थियो । चेकजाँचका क्रममा अंसारीको साथबाट दुईवटा अलग-अलग प्लास्टिकका पुरिया फेला परेको प्रहरीले जनाएको छ ।

एक पुरियामा ६०० मिलिग्राम सेतो रंगको सुख्खा पदार्थ र अर्को पुरियामा १४६ ग्राम ५८० मिलिग्राम तौल भएको लेदो पदार्थ फेला परेको छ, जुन प्रारम्भिक परीक्षणमा ब्राउन सुगर भएको आशंका गरिएको छ । पक्राउ परेका अंसारीलाई लागुऔषधसहित नियन्त्रणमा लिई थप अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालय प्रसौनीका प्रहरी निरीक्षक श्रेष्ठले जानकारी दिए ।

## वृहत वृक्षारोपण कार्यक्रम सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१५ साउन ।***

हरियाली संरक्षण र वातावरणीय सन्तुलनका लागि बीरगन्जमा एक भव्य वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ । बीरगन्ज महानगरपालिका, राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति (भरतपुर, चितवन) र ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरको संयुक्त आयोजनामा बीरगन्ज -१६ स्थित वैष्णवी मन्दिर चोकदेखि नयाँ

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगन्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## नअल्झियोस् निर्वाचन ऐन

नेपालमा समावेशिताको अवधारणा लागू भएको दुई दशक हुन लाग्यो । यस अवधिमा राजनीतिक, प्रशासनिक तथा सामाजिक क्षेत्रमा महिलाको उपस्थिति बढेको छ । तर नेतृत्व तहमा अझै न्यून सहभागिता छ । नेतृत्व तहमा महिलाको न्यून सहभागिता रहेको सरकार र सरोकारवाला दुवै पक्षले महसुस गरेका छन् । तर महसुस गरेअनुसारको व्यवहार प्रदर्शित हुन सकिरहेको छैन । देखिने कारण हो- प्रत्यक्ष निर्वाचनमै ३३ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने प्रावधान राख्ने गरी तयार निर्वाचन व्यवस्थापन विधेयक अगाडि बढ्न नसक्नु । निर्वाचन आयोगले यो विधेयक १८ असार २०८० मा गृह मन्त्रालय पठाएको थियो । तर १३ महिनासम्म सरकारले विधेयक अल्झाएर राखेको छ । प्रत्यक्ष निर्वाचनमै महिलालाई आरक्षण किन ? यो प्रश्नको जवाफ खोज्न २०७९ र २०७४ को चुनावको परिणाम हेरे पुग्छ । नेपालमा ६ हजार ७ सय ४३ वडा छन् । २०७९ को चुनावबाट वडाध्यक्षमा महिला केवल ६९ जना निर्वाचित भए । २०७४ को चुनावमा वडाध्यक्षमा ६१ जना निर्वाचित भएका थिए । प्रदेश र प्रतिनिधि सभा सदस्यको प्रत्यक्षतर्फको चुनावी परिणामको अवस्था पनि यस्तै छ । प्रतिनिधि सभा सदस्यमा २०७९ को चुनावमा प्रत्यक्ष चुनाव जित्ने महिलाको संख्या ६ जना छ । २ सय ७५ सदस्यीय प्रतिनिधि सभामा समानुपातिकबाट ८४ जना थप गरी ९० जना महिला सांसद संख्या पुऱ्याइएको छ । २०७९ को चुनावमा सातवटै प्रदेशका प्रत्यक्ष चुनावबाट १७ जना मात्रै निर्वाचित भए । समानुपातिकबाट १ सय ७६ जना थपिएर १ सय ९३ जना महिला सांसद रहेका छन् । संघीय संसद् र प्रदेश सभामा ३३ प्रतिशत महिलाको उपस्थिति अनिवार्य छ । यस्तो संवैधानिक बाध्यताका कारण राजनीतिक दलहरूले समानुपातिकबाट महिलाको उपस्थिति बढाएका हुन् । यसले बाध्य नपारी नेतृत्व तहमा महिला सहभागिता फेरि पनि बढाउन सकिँदैन भन्ने देखाउँछ । तर सरकार राजनीतिक दलहरूको गलत प्रवृति चिर्ने गरी तयार ऐनको मस्यौदा अगाडि बढाइरहेको छैन ।

निर्वाचन आयोगले वडाअध्यक्षदेखि प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्यसम्मको चुनावमा प्रत्यक्षतर्फ महिला उम्मेदवार ३३ प्रतिशत हुनुपर्ने गरी आरक्षण राख्न खोजेको छ । यो ठीक वा बेठीक केही नभनी मौन रहनु सरकारको गैरजिम्मेवारीपन हो । यदि गलत व्यवस्था प्रस्तावित भएको लागे तर्कसहित अगाडि बढाउन सकिँदैन भन्न सक्नुपर्छ । अन्यथा, प्रस्तावित विधेयकको मस्यौदा नरोकियोस् ।

# मौद्रिक नीतिले खोजेको संवेदनशीलता

**सञ्जय आचार्य**

राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिले सरोकारवालामा चासो, सम्भावना र उत्साह उजागर गरेको छ । निजी क्षेत्र बढी उत्साहित भएको छ । सार्वजनिक क्षेत्रले केही थप रणनीति तय गर्नुपर्ने महसुस भएको छ । खासगरी खराब कर्जाको मात्रा बढ्नु, विदेशी विनिमय सञ्चिति आवश्यकताभन्दा दोब्बर बन्नु, ब्याजदर घटे पनि कर्जाको माग अपेक्षाकृत बढ्न नसक्नु, बैंक तथा वित्तीय संस्थाको लगानी निर्देशित दिशामा सोचेअनुरूप परिचालन नहुनु, चालु पुँजी कर्जा र घरजग्गा व्यवसायमा हुने लगानीजस्ता पक्षले मौद्रिक नीतिको सफल कार्यान्वयनका लागि थप रणनीतिको आवश्यकता औंल्याएका छन् । यस आलेखमा यिनै पक्षहरूमा आधारित रहेर केही सम्भावनाका बारेमा चर्चा गरिएको छ । **कर्जाको गुणस्तरमा गर्नुपर्ने सुधार** गत वर्षको तुलनामा यस वर्ष कर्जा विस्तारमा केही प्रगति देखिएको छ । सँगसँगै खराब कर्जाको अनुपात पनि बढेको छ । खराब कर्जाको अनुपात २०८० चैतको तुलनामा २०८१ को चैतमा ३.९८ प्रतिशतबाट ५.२४ प्रतिशत पुगेको छ । यसलाई घटाउनका लागि कुनै नीतिगत प्रयास मौद्रिक नीतिले प्रस्ट रूपमा ल्याउन सकेन । पहिलो, यस्ता कर्जाहरूलाई पुनर्तालिकीकरण गरेर ऋणीलाई ऋण तिर्न केही सहज बनाइदिन सकिन्छ । दोस्रो, नियतवश नतिर्नेहरूलाई कानुनी दायरामा ल्याएर असुल गर्न सकिन्छ । तेस्रो, धरौटीमा राखेका अचल सम्पत्ति लिलाम गर्न सकिन्छ । चौथो, ऋणीलाई ऋणसहितको सम्पत्ति बिक्री गर्न लगाउन सकिन्छ । पाँचौं, ठूला ऋणमा साक्षीहरूको पनि प्रावधान हुन्छ, उनीहरूबाट पनि असुलउपर गराउन सकिन्छ ।
हामीकहाँ बैंक तथा वित्तीय संस्थाहरूको ऋण असुली ऐन, ऋण असुली न्यायाधिकरण, ऋण असुली पुनरावेदन न्यायाधिकरणजस्ता ऐन र संस्थागत संरचना छन् । उनीहरूको इमानदार प्रयासका बाबजुद खराब कर्जाको अनुपात बढिरहेको हो भने गम्भीर विषय छ । त्यस अवस्थामा राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको लगानीसम्बन्धी मार्गदर्शन,



नीति र रणनीतिमा पुनरावलोकन गर्नुपर्ने हुन्छ । धितोको लिलामीबाट ऋण असुलीको बाटोमा जानुभन्दा पहिले केही सम्भावनाहरूको खोजी गर्नुपर्छ । ऋणी जोखिममा परेसँगै बैंकले नै ऋणीसँग सहकार्य गर्दै लगानीकर्तालाई नयाँ सम्भावनाहरूमा संलग्न गराउन र ऋण भुक्तानी चक्रलाई परिवर्तन गराएर पनि त्यस्ता व्यवसायको उद्धार गर्न सकिन्छ । यसमा बैंक आफैं सल्लाहकारको भूमिकामा लगानीकर्ताहरूलाई सहयोग गर्छ र ऋण पनि असुल गराउँछ । यस्ता अभ्यास अमेरिकाको मध्यपश्चिम भेगका राज्यहरू उत्तर र दक्षिण डाकोटा, विस्कोन्सिन, इओवा, मिचिगन, इन्डिआना, नेब्रास्का आदिमा काम गर्दै आएका केही कम्युनिटी बैंकहरूले प्रयोगमा ल्याएका छन् र त्यसले प्रभावकारी परिणामहरू ल्याएको पनि छ ।
त्यस्तै, ग्राहकलाई केन्द्रमा राख्ने अन्य रणनीति पनि सफल भएका छन् । जस्तै, ऋण तिर्न सुरुआत गरेको खण्डमा ब्याजदर घटाइदिने, धितो लिलाममा राख्नलाई केही समय रोक्न सकिन्छ । सन् २००८ मा अमेरिकाको 'रियल स्टेट' व्यवसायमा भएको लगानीबाट धेरै बैंकहरू वित्तीय संकटको भुमरीमा डुबे पनि केही राष्ट्रिय बैंक भने यस्ता प्रयासले जोगिएका थिए । नेपालमा पनि सहकारीबाट सिर्जना भएका समस्या अन्य बैंक र वित्तीय संस्थामा सर्नबाट रोक्न खराब कर्जाहरूलाई समयमै रोक्न आफ्नै मौलिक उपायहरू अवलम्बन गर्न अत्यन्त जरुरी बनेको छ । **ब्याजदर** नयाँ मौद्रिक नीतिमार्फत ब्याजदर करिडोरको माथिल्लो सीमाका रूपमा रहेको बैंकदरलाई पछिल्लो पटक ६.५ प्रतिशतबाट घटाई ६ प्रतिशतमा, तल्लो सीमाका रूपमा रहेको निक्षेप संकलनको ब्याजदरलाई ३ प्रतिशतबाट २.७५ प्रतिशतमा निर्धारण गरिएकाले एक वर्षमै ब्याजदर निकै तल झरिसकेको छ । लगानीको ब्याजदर पनि प्रायः एकल अंकमै छन् । तैपनि पोहोरको तुलनामा निजी क्षेत्रमा जाने कर्जामा सीमान्त वृद्धि भए पनि खासै सुधार आएको देखिँदैन । उल्टै न्यून ब्याजदरले पुँजी पलायनको समस्या देखिन थालेको छ । त्यसैले ब्याजदरमा मात्रै ध्यान केन्द्रित गर्नुभन्दा लगानी उकास्ने अन्य उपायहरू पनि अवलम्बन गर्नुपर्ने खाँचो छ ।ब्याजदर कम हुँदा पनि लगानी बढ्न नसक्नुका केही कारण हुन्छन्, त्यसैअनुसार समाधान खोज्नुपर्छ । पहिलो सम्भावना आर्थिक शिथिलताले गर्दा आन्तरिक मागमा आएको संकुचन र निर्यातमा प्रतिस्पर्धी क्षमता नहुनु हो । यसले गर्दा समग्रमा बजार संकुचित बन्न पुगेको छ । दोस्रो, पुँजी परिचालनको मूल्य घटे पनि अन्य उत्पादनका साधनहरूको प्रतिस्पर्धी मूल्य कायम हुन नसक्नु हो । उदाहरणका लागि ज्याला दरलाई लिऊँ । दक्षिण एसियामा पछिल्लो तथ्यांकअनुसार हाल न्यूनतम ज्याला दर नेपालमा सबैभन्दा उच्च छ, पछिल्लो वृद्धिअनुसार नेपालमा हाल न्यूनतम ज्याला दर १९,००० रुपैयाँको हाराहारी छ भने अन्य दक्षिण एसियाली मुलुकहरूमा १५,००० रुपैयाँ (नेपाली मुद्रामा) भन्दा कम छ । तर श्रमिकहरूको उत्पादकत्व भने नेपालमा तुलनात्मक रूपले कम छ । यसरी हेर्दा नेपालमा न्यूनतम ज्याला दर तुलनात्मक रूपले बढी, उत्पादकत्व भने कम, जग्गाको मूल्य अत्यन्त उच्च भएकाले त्यसको भाडा बढी र कमजोर सडक यातायातजस्ता कारणहरूले कतिपय बस्तुहरूमा स्वदेशीभन्दा विदेशी सामानहरू सस्तो बन्न पुगेका छन् । वैदेशिक लगानी पनि यिनै कारणहरूले बढ्न सकेको छैन । जमिन र श्रमिकको ज्याला दुवै महँगो भएकाले मुलुक विदेशी लगानीकर्ताका लागि आकर्षक गन्तव्य बन्न सकेको छैन । उल्टै मुद्रास्फीति दरभन्दा कम ब्याजदरले पुँजी पलायनको सम्भावना बढाएको छ । **विदेशी विनिमय सञ्चिति**
मौद्रिक नीतिले परिवर्त्य विदेशी मुद्रा सात महिनाको वस्तु र सेवा आयात गर्न पुग्ने लक्ष्य राखेको छ । तर पछिल्लो तथ्यांकअनुसार बैंकिङ प्रणालीभित्र १४ महिनाभन्दा बढी समयको आयातलाई थेग्ने विदेशी मुद्राको सञ्चिति छ । निश्चित मात्रामा विदेशी मुद्राको सञ्चिति मुख्यतः तीन कारणले जरुरत छ । पहिलो, स्वदेशी मुद्राको विदेशी मुद्रासँगको विनिमय दरमा उतारचढाव आएको अवस्थामा त्यसलाई निश्चित सीमाभित्र राख्नका लागि । दोस्रो, अन्तर्राष्ट्रिय व्यापार मुलुकका लागि प्रतिकूल बनेको अवस्थामा असन्तुलनलाई सम्बोधन गर्नका लागि । तेस्रो, मुद्रा र पुँजी बजारबीचको सन्तुलित सम्बन्धका लागि । तर हामीकहाँ केवल आयात धान्नका लागि मात्र यसको आवश्यकता देखिन्छ । हामीकहाँ न त यो विनिमय दरसँग जोडिएको छ, न त लगानीसँग नै । विदेशी मुद्रा आवश्यकताभन्दा बढी सञ्चित हुनु पनि त्यति श्रेयस्कर हुँदैन । किनकि यो सञ्चयले केही अवसरहरू गुमिरहेको पनि संकेत गर्छन् । परिवर्त्य विदेशी मुद्राको सञ्चय आवश्यकताभन्दा दोब्बर भइसकेको अवस्थामा त्यसको परिचालनको खास कुनै नीतिगत प्रयास मौद्रिक नीतिले लिन सकेन । विदेशी मुद्राको आवश्यकताभन्दा बढीको सञ्चितिले ल्याउने असरहरू सामान्य तीन प्रकारका हुन्छन् । पहिलो, यसले लगानीका अवसरहरू गुमाइरहेको हुन्छ । दोस्रो, ब्याजदर कम रहेको अवस्थामा विस्तारैसँग यो उपभोगमा रूपान्तरण भएर मुद्रास्फीतिमा चाप पर्दै जान्छ । तेस्रो, आन्तरिक वित्तीय प्रणालीलाई असन्तुलित बनाउन सक्छ । यी सम्भावित परिणतिहरूलाई सम्बोधन गर्न केन्द्रीय बैंक चुकेको छ । आपूर्ति पक्ष निकै बलियो भएको सन्दर्भमा कि यसलाई विनिमय दरहरूसँग जोडेर नेपाली मुद्राको विनिमय

बाँकी तेश्रो पृष्ठमा

# लैंगिकता र "फेमिनिज्म"

**सुशीला शर्मा**

हरेक समाजका मूल्य-मान्यता र धर्म-विश्वास फरक-फरक हुन्छन् । कतिपय शब्द र व्यवहार अनि सोच हाम्रो मस्तिष्कमा जोडिई नै सक्यो कि हामी ती चीजलाई पछाडि फर्केर हेर्न पनि चाहँदैनौं । प्रकृतिमा विविधता छ तर प्रकृतिकै बीच भेदभावचाहिँ छैन तर समाजले समाजकै अन्य समुदाय या व्यक्ति-व्यक्तिबीच भेदभाव गराइदिन्छ । बाल्यकालमा तपाईंको परिवारमा लैंगिकता के थियो र अहिले के छ ? महिला हुनु र पुरुष हुनुले तपाईंको जीवनमा घटेका दुःखदायी घटना के-के थिए ? यी र यस्ता घटना व्यवस्थालाई चुनौती दिएका उदाहरण छन् ? मानवीय र प्रकृतिसँगको सहअस्तित्वका बारेमा पनि 'फेमिनिज्म' ले बहस चलाउनुपर्ने देखिन्छ । हामीले कहिल्यै पनि असमानता, विभेदको इतिहास, यथार्थको लडाइँ र विजयका बारेमा गहिराइमा पुगेर सोचेका र मन्थन गरेका या अधिकारका लागि लडाइँ गरेका छैनौं । हामी लैंगिकताको कुरा गरिरहेका छौं । यसभित्र मानव इतिहासको कुरा आउँछ, व्यक्तिगत सम्पत्ति, उद्योगधन्दाको विकासको कुरा आउँछ । विश्व साम्राज्यको कुरा आउँछ अनि पितृसत्ता र पुरुषत्व अनि पुँजीवाद र असमानताको कुरा पनि आउँछ । पितृसत्ताभन्दा बाबुप्रति र पुरुषत्वभन्दा सम्पूर्ण पुरुष अस्तित्वकै विरुद्धको अवधारणा आएको, समाज भाँडेको, नैतिकता हराउँदै गएका महिला भन्ने भान पनि एक पक्षलाई पर्न सक्छ ।
प्रकृतिप्रदत्त दुई प्राणी महिला र पुरुषमा एक थरी शक्तिमा हावी भएर पितृसत्ता निर्माण हुन पुग्यो र यो व्यवस्था झन्डै ४ हजार वर्ष पहिलेदेखि नै सञ्चालित छ भन्ने कुरालाई हाम्रो मनमस्तिष्कले स्वीकार गर्न नै मुस्किल छ ।
पितृसत्ता एक सामाजिक संरचना हो । पितृसत्तात्मक सोचविचार र व्यवहार महिलामा पनि हुन्छ । कतिपय अवस्थामा पितृसत्ताको भारी महिलाले पनि बोकेरै हिँडिरहेका हुन्छन् भन्ने हामीले भेउ पाइराखेका हुँदैनौं । लैंगिकताले केवल महिलासँग मात्र सम्बन्ध राख्दैन । नारीत्वको अस्तित्व कुनै शून्य अवस्थामा छैन । यो पुरुषत्वको साथमा रहेको हुन्छ । यसमा एउटा विशेषणको छवि या शक्तिलाई अर्को विशेषणले तय गरिराखेको हुन्छ । महिलालाई कमजोर त्यतिबेला सम्झिइन्छ, जतिबेला पुरुषलाई बलवान् या शक्तिशाली सम्झिइन्छ ।

हामी जुन पितृसत्तात्मक समाजमा रहिरहेका छौं, त्यस समाजमा पुरुषको छवि तथा भूमिकामा पुरुषले पनि पीडा तथा अन्याय सहनु परिराखेको छ । पुरुषलाई भावनात्मक हुन, कमलो हुन, आफ्नो कमजोरी देखाउन, डर देखाउन या स्वीकार गर्न यस समाजले रोकिराखेको छ । उनीहरूलाई हमेसा परिवारको रक्षक, पालनपोषणकर्ताको भूमिकामा दबाब परिराखेको हुन्छ । त्यसैले पनि यी पक्ष अनिवार्य भइसकेका छन् कि पुरुषत्वले उनीहरूमा पार्ने असरमा पनि ध्यान पुऱ्याउनुपर्नेछ ।पुरुषत्वकै कुरा गरिरहँदा धेरै पुरुष शासकीय या शक्तिशाली पुरुषत्वको कथित मान्यताको मापदण्डमा पुग्न सक्दैनन् । यदि उनीहरू आक्रामक हुन सकेनन् भने उनीहरूको खिल्ली उडाइन्छ- 'नारी, महिला, आईमाई' जस्ता उपमा दिएर । सोझो र विनम्र केटालाई अन्य बलिया, दादा किसिमका पुरुषले शारीरिक र मानसिक शोषण गर्न पनि पछि पर्दैनन् । पुरुषत्वलाई उनीहरूको यौन शक्तिसँग पनि जोडेर हेरिने हुनाले कतिपय पुरुष आफूलाई यो मामिलामा असुरक्षित महसुस गर्ने र चिन्ताको सिकार भइरहेका

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## थाइल्यान्डलाई सीमा सँघर्षमा कब्जामा लिएका सैनिक फिर्ता गर्न कम्बोडियाको आग्रह



*काठमाडौं,१५ साउन ।*

कम्बोडियाले बिहीबार थाइल्यान्डलाई २० सैनिक फिर्ता गर्न आग्रह गरेको छ । ती सैनिकलाई दशकौंको सबैभन्दा रक्तपातपूर्ण सीमा सङ्घर्षलाई रोक्न युद्धविराम भएको केही घण्टापछि कब्जामा लिइएको थियो ।पाँच दिनको झडपमा दुवैतर्फ कम्तीमा ४३ जनाको मृत्यु भएपछि दुवै देशले मंगलबारदेखि युद्धविरामको सहमति गरेका थिए । विवादित सीमावर्ती मन्दिरहरूको दीर्घकालीन विवादले तिनीहरूको आठ सय किलोमिटर (पाँच सय माइल) सीमामा खुला युद्धमा परिणत भएको थियो । बुधबार दुवै पक्षले युद्धविराम उल्लङ्घनको आरोप लगाएपछि राति ७:०० बजे सम्म हिंसाको कुनै रिपोर्ट नभएको बैंककले जनाएको छ । कम्बोडियाको रक्षा मन्त्रालयका प्रवक्ता माली सोचेटाले बिहीबार २० जना सैनिकको रिहाइका लागि वार्ता भइरहेको बताए ।'हाम्रा सबै सैनिकहरूलाई सुरक्षित रूपमा र सकेसम्म चाँडो घर फिर्ता ल्याउनका लागि थाई पक्षसँग वार्ता जारी राख्न हामी सक्दो प्रयास गर्नेछौं', उनले पत्रकार सम्मेलनमा भने, 'हामी थाई पक्षलाई सबै २० जना सैन्य कर्मचारीलाई सकेसम्म चाँडो कम्बोडिया फिर्ता पठाउन आह्वान गर्दछौं ।' उनका अनुसार युद्धविराम लागु भएको लगभग आठ घण्टापछि मंगलबार बिहान ७:५० बजेतिर सेनालाई कब्जा गरिएको थियो ।थाइल्यान्ड सरकारले बुधबार हिरासतमा लिइएका सैनिकहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानून र सैन्य नियमहरूअनुसार व्यवहार गरिएको र सीमा स्थिति स्थिर भएपछि फिर्ता गरिने बताएको छ । संयुक्त राष्ट्रसङ्घका मानव अधिकार प्रमुख भोल्कर टर्कले दुवै छिमेकी मुलुकलाई आफ्नो युद्धविराम सम्झौता पूर्ण रूपमा कार्यान्वयन गर्न र विश्वास र शान्ति निर्माण गर्न द्रुत कदम चाल्न आग्रह गरे ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हस्तक्षेपपछि मलेसियामा शान्ति सम्झौता गरिएको थियो । थाइल्यान्ड र कम्बोडिया दुवैले भारी भन्सार शुल्कको धम्कीलाई टार्न व्यापारिक सम्झौताका लागि ट्रम्पलाई मनाउन खोजिरहेका छन् । जङ्गल र कृषि जमिनले घेरिएको पहाडी ग्रामीण सीमा क्षेत्रमा दुवै पक्षले जेट, रकेट र तोप आक्रमणसहित लडाइँ गर्दा करिब तीन लाख मानिसहरू आफ्नो घर छोडेर भागे । थाइल्यान्डले उसका १५ सैनिक र १५ नागरिकको मृत्यु भएको बताएको छ भने कम्बोडियाले आठ नागरिक र पाँच सैन्य मृत्युको पुष्टि गरेको छ । मृत्यु सङ्ख्या सीमामा अन्तिम ठूलो हिंसाको तुलनामा उल्लेखनीय रूपमा बढी छ । यसअघि सन् २००८ देखि २०११ सम्म छिटपुट लडाइँमा २८ जनाको मृत्यु भएको थियो ।

## दक्षिण कोरियाको अदालतद्वारा पूर्वराष्ट्रपति युनको गिरफतारी वारेन्ट जारी



*काठमाडौं,१५ साउन ।*

दक्षिण कोरियाको एक अदालतले बिहीबार पूर्वराष्ट्रपति युन सुक योलका लागि नयाँ गिरफ्तारी वारेन्ट जारी गरेको छ । धेरै पटक पूर्वराष्ट्रपति युनले उपस्थित हुन अस्वीकार गरेपछि उनलाई सोधपुछका लागि जबरजस्ती ल्याउन जारी वारेन्टले अभियोजकहरूलाई सक्षम बनाएको छ ।युन र उनकी श्रीमती, पूर्वप्रथम महिला किम केओन हीको अनुसन्धान गरिरहेका विशेष सल्लाहकारले एक विज्ञप्तिमा भने, "पूर्वराष्ट्रपति युन सुक येओलका लागि आज गिरफ्तारी वारेन्ट जारी गरिएको छ ।"

युनले डिसेम्बर ३ मा नागरिक शासनलाई अन्त्य गर्न खोज्दा दक्षिण कोरियालाई राजनीतिक सङ्कटमा पारेका थिए र सांसदहरूले उनको मार्शल कानूनको घोषणालाई मतदान गर्नबाट रोक्नका लागि संसद्मा सेना पठाएका थिए । जनवरीमा हिरासतमा लिइएका उनी मुलुकको पहिलो राष्ट्रपति थिए । उनलाई धेरै सातासम्म गिरफ्तारीको विरोध गरेपछि हिरासतमा लिइएको थियो । उनले अनुसन्धानकर्ताहरूलाई रोक्नका लागि आफ्नो राष्ट्रपति सुरक्षा बलको प्रयोग गरेका थिए । उनलाई मार्चमा प्रक्रियागत आधारमा रिहा गरिएको थियो । यद्यपि उनको विद्रोहको मुद्दा जारी रह्यो, तर उनले मुद्दासँग सम्बन्धित प्रमाण नष्ट गर्न सक्ने चिन्ताका कारण जुलाईको सुरुमा फेरि हिरासतमा राखिएको थियो । संसदीय चुनावमा छेडछाड गरेको आरोपको अनुसन्धान गरिरहेका अभियोजकहरूले युनलाई सोधपुछका लागि बोलाएका थिए तर उनी उपस्थित हुन सकेनन् । उनका वकिलहरूले युनलाई स्वास्थ्य समस्याहरू रहेको बताएका थिए । बुधबार उनीहरूले नजरबन्द वारेन्टका लागि नयाँ अनुरोध दायर गरे । अब जब वारेन्ट जारी गरिएको छ, अभियोजकहरू युनको हालको हिरासत सुविधामा प्रवेश गर्न र सोधपुछका लागि उपस्थित हुन बाध्य पार्न सक्षम छन् ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

### मौद्रिक नीतिले खोजेको......

दरमा पुनर्मूल्यांकन गर्न सक्नुपर्‍यो, जुन केन्द्रीय बैंकले अवलम्बन गरेको हालको विनिमय दर प्रणालीभित्र असम्भवजस्तै छ । त्यसैले विदेशी मुद्रा सञ्चितिको परिचालनका अन्य उत्पादनशील विकल्पतर्फ जानुपर्ने थियो । **बैंक तथा वित्तीय संस्थाको लगानी** बैंक तथा वित्तीय संस्थाले कुनै पनि संगठित संस्थाको सेयर तथा डिबेञ्चरमा एक वर्षभन्दा बढी अवधिका लागि मात्रै लगानी गर्न पाउँछन् । हाल बैंक र वित्तीय संस्थाको ७ खर्बभन्दा बढी लगानीयोग्य पुँजी थुप्रिएर बसेको छ । त्यसैले उल्लिखित प्रावधानलाई अल्पकालकै लागि भए पनि हटाइएको भए केही मात्रामै भए पनि तरलता व्यवस्थापन गर्न सहज हुन्थ्यो । अर्कोतिर एक वर्ष बितिसकेपछि पनि एकै पटक उल्लेख्य मात्रामा सेयर र डिबेञ्चर बिक्री गर्न राष्ट्र बैंक निर्देशनले नियन्त्रण गरेको छ ।

एक वर्षमा २० प्रतिशत मात्रै बिक्री गर्न पाउने प्रावधानले कुनै संगठित संस्थाको सेयर बैंक वा वित्तीय संस्थाले पूर्ण रूपले बिक्री गर्न चाहेमा त्यसका लागि पाँच वर्ष लाग्छ । यसले गर्दा लगानी गर्दा पनि हच्किनुपर्ने स्थितिको सिर्जना भएको छ । साभार ईकान्तिपुर ।

### लैंगिकता र "फेमिनिज्म....

हुन्छन् । समय आइसकेको छ कि यस्ता मुद्दामा संवेदनशील भएर चर्चा होस् । 'फेमिनिज्म' ले यस्ता पक्षलाई पनि समेटोस् । पुरुषत्वमा हुनुपर्ने गुणहरूमा रफ, टप, चाम्रो, रिसाहा, उच्च महत्त्वाकांक्षा भएको, यौनिक आवेग (हिंसात्मक), महिलाप्रति सुरक्षात्मक र अधीनस्थजस्ता कुरालाई समेटिन्छ । अनुसन्धानकर्ताहरूले जैविक रूपमा शरीरका केही अंगको महिला र पुरुषमा केही भिन्नता तथा प्रजनन अंगको फरक भए पनि अन्य भूमिका र गुण भने समाजबाट नै सिर्जित हुने मान्यता राख्छन् । तर जैविक विशेषताले नभई कठोर सामाजिक मूल्य मान्यताले नै पुरुषत्व र स्त्रीत्वको सिर्जना गरेको हुन्छ ।विभिन्न विचारधारा, धार्मिक राजनीतिक धारणा, राष्ट्रिय तथा अन्य साम्प्रदायिक धारणा पनि पुरुषत्वलाई नै बढावा दिने खालका छन् । उदाहरणका रूपमा महिलालाई परम्परा, संस्कृति र सामूहिक पहिचानको रक्षक र पुरुषलाई आफ्नो क्षेत्र र सिमानाको रक्षकका रूपमा मानिन्छ । त्यस्तै गरेर सबै प्रकारका तौरतरिका, गुण, असलपन दर्शाउने सवालमा पनि पुरुषत्व र नारीत्वको अभ्यास गरिन्छ । स्वतन्त्रता, लोकतन्त्र, मातृभूमि, पितृभूमिजस्ता तर्कलाई पुरुषत्वका रूपमा ग्रहण गरिन्छ भने भावना र कमजोरीपनलाई स्त्रीत्वका रूपमा बुझ्ने गरिन्छ ।यी सामाजिक संरचनाकै कारणले पुरुष अनेक पारिवारिक सामाजिक समस्यालाई खुलेर छलफल नगरी यो मेरो जिम्मेवारी हो भन्दै एक्लै अगुवा हुन खोज्दा विभिन्न आर्थिक मनोवैज्ञानिक समस्यामा फस्न पुग्छन् । साभार ईकान्तिपुर ।

### पर्साका विद्यालयहरुमा.......

सिफारिस वा व्यवस्थापन समितिको जथाभावी निर्णयबाट नियुक्त भएका छन् । कतिपय प्रअहरू सेवानिवृत्त भइसके पनि अझै विद्यालयमा आफ्नो प्रभाव कायम राखेर मनपरी ढंगले नियुक्तिमा हस्तक्षेप गरिरहेका छन् । शिक्षा इकाइ प्रमुख राउतले भने, "पाँच वर्ष पूरा भएपछि प्रअ फिर्ता भएर शिक्षककै भूमिकामा फर्कने हो भने विद्यालयको शैक्षिक गुणस्तरमा सुधार आउँछ। तर अहिले प्रणालीभन्दा पहुँच बलियो बनेको छ ।" जीराभवानी गाउँपालिकाका शिक्षा शाखा प्रमुख शिवराज फुयाँलले आफ्नो पालिकामा रहेका २२ विद्यालयमध्ये १६ वटामा नयाँ र ६ वटामा पुराना प्रअ कार्यरत रहेको बताए । उनले इकाइको पत्र प्राप्त भइसकेको र सो विषयलाई शिक्षा समितिको बैठकमा राखेर आवश्यक निर्णय लिइने जानकारी दिए ।त्यस्तै, पर्सागढी नगरपालिकाका शिक्षा शाखा प्रमुख कपिल लामिछानेले ३० विद्यालयमध्ये २५ वटामा पुराना र ५ वटामा नयाँ प्रअ रहेको जनाउँदै नियमअनुसार कार्यान्वयन गर्न पहल भइरहेको बताए ।

### वृहत वृक्षारोपण....................

बसपार्कसम्मको सडक किनारमा करिब ७० वटा विभिन्न प्रजातिका बिरुवाहरू रोपिएका हुन् । बिरुवाको संरक्षण सुनिश्चित गर्न लोहाको तारजाली (प्रोटेक्टिभ गार्ड) पनि जडान गरिएको छ । कार्यक्रम ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा सम्पन्न भएको हो । कार्यक्रमका प्रमुख अतिथि वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह थिए । उनले वातावरण संरक्षण अब विकल्प नभई आवश्यकताको विषय बनेको बताए । 'हरियाली विस्तार हाम्रो दीर्घकालीन प्राथमिकता हो,' उनले भने, 'सामुदायिक सहभागिता र प्रहरी सहकार्यले वातावरणप्रतिको जिम्मेवारी अझ मजबुत बनाउँछ ।'

### सभामुख मण्डलद्वारा.........

विकासमा यस योजनाको ठूलो योगदान हुने विश्वास व्यक्त गरे ।

सडक कालोपत्रे भएपछि मालटोल क्षेत्रको यातायात प्रणालीमा उल्लेखनीय सुधार हुने र स्थानीय आर्थिक गतिविधिमा पनि सजीवता आउने अपेक्षा गरिएको छ । स्थानीय बासिन्दाहरूले सडक बनेपछि कृषि उत्पादन बजारसम्म पुर्‍याउन सजिलो हुने र आवागमन सहज हुने बताएका छन् । शिलान्यास कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरू, राजनीतिक दलका नेताहरू, सामाजिक अगुवाहरू र ठूलो संख्यामा स्थानीय नागरिकको सहभागिता थियो । कार्यक्रममा बोल्दै सभामुख मण्डलले प्रदेश सरकारले जनताको आधारभूत आवश्यकतालाई प्राथमिकता दिएको बताउँदै भने, "पूर्वाधार विकासले जनताको जीवनस्तरमा प्रत्यक्ष असर पार्छ, त्यसैले यस्तो काममा प्रदेश सरकार दृढ छ ।"

### बीरगन्जमा वडासदस्य.......

उनले भने । कार्यक्रममा वडा सदस्य हकहित संरक्षण समितिका अध्यक्ष शर्मा सरभंगको अध्यक्षता रहेको थियो । कार्यक्रममा सामाजिक विकास महाशाखाकी प्रमुख प्रतिज्ञा बैद्य, नगर प्रहरी प्रमुख हरि भुजेललगायतको उपस्थिति थियो । रक्तदानमा सहभागी हुँदै वडा सदस्यहरूले समाजप्रतिको जिम्मेवारी पुरा गर्न यस्तो अभियान अघि बढाइएको जनाएका छन् । उनीहरूले आगामी दिनमा पनि यस्ता मानवीय कार्यलाई निरन्तरता दिने प्रतिवद्धता जनाएका छन् ।

# स्वास्थ्य

## सुत्केरी व्यथा लागेको कसरी थाहा पाउने ?




गर्भ रहेको ४० सातापछि गर्भावस्थाको अवधि करिब-करिब पूरा हुन्छ । यसपछि कतिबेला प्रसव व्यथा सुरु हुन्छ पत्तो हुँदैन । कहिलेकाहीं चिकित्सकले दिएको मितिमै प्रसव नभई केही दिन ढिलो वा छिटो पनि हुनसक्छ । यस्तोमा केही शंकास्पद असामान्य लक्षण देखियो भने सतर्क हुनैपर्छ । किनकि ती लक्षण व्यथा लाग्नुपूर्वको सङ्केत हुनसक्छ । केही असामान्य सङ्केत देखिए तुरुन्त अस्पताल जानुपर्छ । **के कस्ता सङ्केत देखिन्छ ?**गर्भावस्थाको नौ महिने अवधिभर नै थकान महसुस भइरहन्छ । तर व्यथा लागेको खण्डमा थकाइ थप बढ्छ, पूरा शरीर कुनै भारले थिचेको अनुभव हुन्छ । यदि गर्भावस्थाको महिना अवधि सकिन लाग्दा थकाइ अनुभव हुन थाल्नु व्यथा लागेको बुझ्नुपर्छ । **आँखा धमिलो हुनु र टाउको दुख्नु**

कसैलाई मिति आउने समयमा व्यथा लाग्ने बेला आँखा धमिलो वा टाउको दुखाइ हुनसक्छ । यो सबैलाई नभई त्यो समयमा रक्तचाप बढेमा रक्तचापको परीक्षण गर्नुपर्छ । रक्तचापको परीक्षण गर्दा तीन पटकसम्म पनि १४०/९० भन्दा बढी आएमा तुरुन्त अस्पताल जानुपर्छ । यो व्यथा लागेको संकेतका साथै आकस्मिक भर्ना हुनुपर्ने बेला पनि हो ।**तल्लो पेट दुख्नु** तल्लो पेट दुखाइ तीव्र रूपमा बढ्दै जान्छ । पेट पनि ढुङ्गा जत्तिकै साह्रो हुन थाल्छ । पहिला मन्द दुखाइ केही सेकेन्ड हुने र हराए जस्तो हुन्छ । त्यो पहिलो मन्द दुखा दोस्रो चरणमा पुग्दा कडा हुँदै जान्छ । केही मिनेट हुँदै दुखाइको अवधि लम्बिन थाल्छ । यस्तोमा कुनै औषधि खाएर पनि निको हुँदैन । मिति पुगेको खण्डमा व्यथा लागेको बुझिन्छ । **रगत मिश्रित योनीस्राव** तीव्र पेट दुखाइसँगै योनीबाट हल्का रगत मिश्रित श्राव बग्न थालेमा पनि व्यथा सुरु भएको सङ्केत हो । रगत बग्नु भनेको गर्भाशयबाट शिशु जन्मिन तयार छ भन्ने सङ्केत पनि हो । **पानी फुट्ने**

दुखाइ वा बस्न र उठ्न समस्या छैन । तर योनीबाट चौलानी जस्तो स्राव बग्न थाल्यो भने शिशु वरिपरिको थैलो फुटेको अवस्था पनि व्यथा लागेको सङ्केत हो ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

महागढीमाई नगरपालिकाको कार्यालय
कलैया, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा

# भूमि विधेयक फिर्ता नलिए जनविद्रोह हुन्छ : अध्यक्ष यादव




*जनकपुर,१५ साउन ।*

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सरकारले ल्याउन खोजेको भूमि सम्बन्धी विधेयक फिर्ता नलिए मधेशमा जनविद्रोह हुने चेतावनी दिएका छन् । सप्तरीको राजविराजमा बुधबार आयोजित जसपा नेपालको प्रथम जिल्ला अधिवेशनको उद्घाटन कार्यक्रममा बोल्दै यादवले यो विधेयकलाई मधेश विरोधी र जबरजस्ती थोपिन खोजिएको षड्यन्त्रको संज्ञा दिए । उनले भने, "सरकार चुपचाप चुरे क्षेत्र फडानी गरेर पहाडका मानिसलाई अवैध रूपमा मधेशमा बसोबास गराउने षड्यन्त्रमा छ, यो स्वीकार्य छैन ।" यादवले भूमि विधेयकको बिरोध गर्दै मधेशी जनतालाई सचेत र तयार रहन आग्रह गरे । उनका अनुसार, यो विधेयक मधेशको पहिचान, अस्तित्व र भूमिसम्बन्धी अधिकारमाथि आक्रमण हो ।उनले चुरे क्षेत्रलाई अन्धाधुन्ध रुपमा फडानी गर्दा जलस्रोत र भू-उपयोग प्रणालीमा गम्भीर असर पर्ने भन्दै मधेश जल संकटतर्फ उन्मुख भएको चेतावनी पनि दिए । "चुरे संरक्षण नगरे मधेश मरुभूमि बन्छ," यादवले भने । यादवले वर्तमान बजेट वितरणप्रति गम्भीर आपत्ति जनाउँदै भने, "देशको ४० प्रतिशत जनसंख्या रहेको मधेशलाई जम्मा ११ प्रतिशत मात्र बजेट दिइएको छ, जब कि अन्य ६० प्रतिशतलाई ८९ प्रतिशत । यो विभेद अन्त्य हुनुपर्छ ।" अध्यक्ष यादवले संविधान संशोधनको माग गर्दै प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्था, जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व, र संघीयताको मर्म अनुसार प्रदेशलाई अधिकार सम्पन्न बनाउने व्यवस्था आवश्यक रहेको बताए । उनले भने, "प्रदेशलाई न अधिकार छ, न प्रहरी, न कर्मचारी । प्रदेश सरकार अधिकारविहीन छ ।" कार्यक्रममा विभिन्न राजनीतिक दलका नेताहरूले पनि शुभकामना मन्तव्य दिएका थिए ।

# निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको मोडालिटी चाँडै टुंग्याइने : पर्यटनमन्त्री पाण्डे

*काठमाडौं,१५ साउन ।*



संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण र सञ्चालनको मोडालिटी चाँडै टुंग्याइने बताएका छन् । राष्ट्रिय सभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बुधबारको बैठकमा बोल्दै मन्त्री पाण्डेले निजगढ विमानस्थललाई "राष्ट्रिय गौरवको आयोजना" भएको बताउँदै अबको प्राथमिकतामा राखेर छिटो निर्णयमा पुगिने स्पष्ट पारे । "बजेट भाषणमा पनि भनिएको छ– निजगढको मोडालिटी टुंग्याइनेछ । यसलाई अब अन्योलमा राख्न मिल्दैन । मन्त्रालय यसमा गम्भीर भएर अगाडि बढ्छ," मन्त्री पाण्डेले भने । बैठकमा मन्त्री पाण्डेले पोखरा र गौतमबुद्ध (भैरहवा) अन्तर्राष्ट्रिय विमानस्थलहरू पनि यात्रु नहुँदा पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको स्वीकार गरे । उनका अनुसार, "कतिपय एयरलाइन्सले यात्रु नपाएर करोडौंको घाटा ब्यहोर्नु परेको बताएका छन् । त्यसैले अब ति क्षेत्रहरूमा श्रम स्वीकृति, मेडिकल परीक्षण, मेनपावर कम्पनीजस्ता सुविधाहरू लैजाने तयारी भइरहेको छ ।" मन्त्री पाण्डेले नेपाल एयरलाइन्सका ६ वटा विमान हाल सञ्चालनमा रहेको बताउँदै, आगामी दिनमा स्थायीत्वपूर्वक सञ्चालन गर्न निर्देशन दिइएको उल्लेख गरे । साथै, प्रदेश सरकारहरूसँगको समन्वयमा पहाडी जिल्लाहरूमा साना विमान सेवा सुरु गर्ने तयारीसमेत भइरहेको जानकारी दिए । मन्त्री पाण्डेले आगामी दशकलाई पर्यटन प्राथमिकता दशक घोषणा गर्न लागिएको भन्दै त्यसका लागि तीनै तहका सरकार, निजी क्षेत्र र सरोकारवाला निकायसँग संवाद कार्यक्रमहरू थालिएको बताए ।उनले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्न मन्त्रालयले विशेष योजना अघि सारेको समेत बताए । पर्यटन मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले पोखरा र भैरहवा विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सुनिश्चित गर्न आवश्यक पहल भइरहेको बताए । छलफलमा सहभागी सांसदहरूले निजगढ विमानस्थलको मोडालिटी चाँडो टुंग्याउन, पोखरा र भैरहवाबाट अन्तर्राष्ट्रिय उडान स्थायी बनाउन र राष्ट्रिय गौरवका आयोजनाको स्पष्ट मापदण्ड तय गर्न सरकारलाई सुझाव दिएका छन् ।

# संघीय गणतान्त्रिक गठबन्धनको विशाल शक्ति प्रदर्शन

*बारा,१५ साउन ।*




बारा जिल्लाको सदरमुकाम कलैयामा संघीय गणतान्त्रिक गठबन्धनले विशाल शक्ति प्रदर्शन गरेको छ। नेपाल संघीय समाजवादी पार्टीका जिल्ला अध्यक्ष अनवर अन्सारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पाँच दलका शीर्ष नेताहरू, केन्द्रीय सदस्यहरू र हजारौं जनसमुदायको उपस्थिती रहेको थियो । कार्यक्रमको सुरुवात मधेश आन्दोलनका अमर शहीदहरू हिफाजत अन्सारीकी आमा बेगन खातुन र शेख अशरफकी धर्मपत्नी शोभा राजवंशीलाई सम्मान गर्दै गरिएको थियो। तर, शोभा राजवंशीले भावुक हुँदै भनिन्, "हामीले आफ्ना श्रीमान गुमायौं, सपना गुमायौं । तर नेताहरू सत्तामा पुगेर हामीलाई र आफ्ना आफन्तलाई समेत बिर्सिए । मधेशी जनताको सपना बेचेर कुर्सी किन्ने भए ।"उनीहरूको भावुक भाषणले सभा भावविह्वल बनायो र सहभागीहरूको आँखामा पनि आँसु झुल्कियो । कार्यक्रमको मुख्य अंश कलैया नगर परिक्रमा गर्दै गरिएको भव्य र्‍याली थियो, जहाँ हजारौं जनताले 'समग्र मधेश एक प्रदेश', 'भ्रष्टाचारको अन्त गर', 'पूर्ण समानुपातिक निर्वाचन प्रणाली कायम गर', 'उर्दु विश्वविद्यालय स्थापना गर', 'मधेशी तथा उत्पीडितहरूको सेनामा सामूहिक प्रवेश सुनिश्चित गर' लगायतका नाराहरू बुलन्द आवाजमा लगाएर आफ्ना मागहरू दोहोर्‍याए । संघीय गणतान्त्रिक गठबन्धनका संयोजक तथा नेपाल संघीय समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष एवं पूर्व गृहराज्यमन्त्री मोहम्मद रिजवान अन्सारीले आन्दोलनलाई अब रोक्न नसकिने दाबी गर्दै भनाए, "यो उत्पीडित जनताको क्रान्ति हो । हामी झुक्ने होइनौं, बिक्ने छैनौं । २०८४ को निर्वाचन हाम्रो विजयको सुरुवात हुनेछ ।" उनले भ्रष्टाचार र विभेदविरुद्ध सम्पूर्ण उत्पीडितलाई एकीकृत संघर्षमा लाग्न आह्वान गरे । बहुजन एकता पार्टीका अध्यक्ष हरिनन्दन अम्बेडकरले जातीय, लैङ्गिक, धार्मिक वा क्षेत्रीय विभेद अन्त्य नगरेसम्म समृद्धि असम्भव रहेको बताए भने नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले मधेश आन्दोलनका अग्रज गजेन्द्र नारायण सिंहको संघर्षलाई सम्झँदै धोकेबाज नेताहरू राजनीतिक रूपमा समाप्त नभएसम्म मुक्तिको सपना अधुरो रहने बताए ।

# उखुमा अनुदान कटौतीपछि किसान आन्दोलित

*जनकपुर,१५ साउन ।*



सरकारले उखुमा दिँदै आएको अनुदान कटौती गरेपछि किसानहरू आक्रोशित भएका छन् । आन्दोलनको चेतावनी दिँदै उनीहरूले हरिवनमा भेला भएर सशक्त विरोधको तयारी थालेका छन् । मन्त्रिपरिषद्ले असार अन्त्यमा गरेको निर्णयअनुसार, उखुमा दिँदै आएको प्रतिक्विन्टल ७० रुपैयाँको अनुदान अब नदिने घोषणा गरिएको हो । सरकारको पछिल्लो बजेटमा उखु अनुदानका लागि कुनै व्यवस्था नभएको भन्दै किसानहरू झनै निराश बनेका छन् । गत वर्ष क्रसिङ गरिएको उखुमा मात्र प्रतिक्विन्टल ३५ रुपैयाँको दरले अनुदान दिने निर्णय भएको थियो, तर त्यो रकम समेत अहिलेसम्म किसानको हातमा परेको छैन । सर्लाही जिल्लाका किसानहरूले मात्र ३७ करोड ३९ लाख ९५ हजार रुपैयाँभन्दा बढी अनुदान पाउन बाँकी रहेको उखु उत्पादक संघका अध्यक्ष कपिलमुनी मैना बताउँछन् । उनका अनुसार, "सरकारले एकातिर उखुमा अनुदान नदिने निर्णय गर्छ, अर्कोतिर पुराना बाँकी रकम पनि अड्काइरहन्छ । यस्तो अवस्थामा लाखौं किसान उखु खेतीबाट पलायन हुन बाध्य हुन्छन् ।" २०६६ सालदेखि उखुमा सरकारी अनुदान व्यवस्था सुरु भएको थियो । यसले किसानलाई केही राहत दिँदै आएको भए पनि पछिल्लो निर्णयले उनीहरूलाई निराश बनाएको छ । किसानहरू अब आन्दोलनमा जानुको विकल्प नभएको बताउँछन् । उखु किसानहरूको संयुक्त संगठनले सरकारसँग तत्काल निर्णय फिर्ता लिन र पुरानो अनुदान रकम उपलब्ध गराउन माग गर्दै चेतावनी दिएको छ यदि माग सम्बोधन भएन भने सडकमै उत्रिने छन् ।

# बीरगन्जमा वडासदस्यको मानवीय पहलमा २० जनाले गरे रक्तदान

**नेपाल पोष्ट संवदाता**

*बीरगन्ज,१५ साउन ।*



बीरगन्ज महानगरपालिकामा हाल देखिएको रगतको अभावलाई मध्यनजर गर्दै महानगरका वडासदस्यहरूले रक्तदान कार्यक्रम आयोजना गरेका छन् । बीरगन्ज महानगरपालिकाको प्रांगणमा बिहीबार आयोजित कार्यक्रममा २० जना वडासदस्य, नगर प्रहरी र कर्मचारीहरूले रक्तदान गरेका छन् । वडा सदस्य हकहित संरक्षण समितिको आयोजनामा सम्पन्न रक्तदान कार्यक्रम बीरगन्ज रक्त सञ्चार केन्द्रमा रगतको चरम अभावको समस्या समाधान गर्ने उद्देश्यले गरिएको हो । गर्मीयामसँगै रक्तदानमा कमी आउँदा अस्पतालमा उपचाररत बिरामीहरू प्रभावित भएका छन् । यिनै चुनौतीहरूसँग जुध्न वडासदस्यहरूले उदाहरणीय पहल गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै बीरगन्ज महानगरका मेयर राजेशमान सिंहले रक्तदानलाई संसारकै ठूलो पुण्य काम भन्दै यस्तो कार्यमा सबै नागरिक सहभागी हुनुपर्नेमा जोड दिए । "गर्मीका कारण रक्तदाताको संख्या घटिरहेको छ । यस्तो बेला कोही पनि बिरामी रगत नपाएर ज्यान गुमाउन नपरोस् भन्ने हाम्रो साझा जिम्मेवारी हो,"

बाँकी तेश्रो पृष्ठमा

# पचरौतामा नगर प्रमुखको सक्रियतामा नयाँ ट्रान्सफर्मर जडान

*बारा,१५ साउन ।*

महिनौंदेखि ट्रान्सफर्मर बिग्रिएर बिजुलीको समस्या भोगिरहेका बाराको पचरौता नगरपालिका वडा नम्बर ४ बेलदारीवासीका लागि आज नयाँ ट्रान्सफर्मर जडान भएसँगै खुसी फर्किएको छ । नगर प्रमुख जलन्धर सिंहको विशेष पहलमा ट्रान्सफर्मर जडान भएपछि स्थानीयवासीले ठूलो राहतको सास फेरेका छन् । लामो समयदेखि ट्रान्सफर्मर बिग्रिएका कारण बिजुली आपूर्ति बन्द हुँदा घरायसी कामकाजदेखि लिएर व्यावसायिक तथा कृषि गतिविधिहरूसमेत प्रभावित भएका थिए । यसले गर्दा दैनिक जीवनयापनमा समेत असहजता आएको थियो। तर, बुधबार यो समस्या समाधान गर्दै पुरानो क्षमताविहीन ट्रान्सफर्मर हटाई गुणस्तरीय र क्षमतावान ट्रान्सफर्मर जडान गरिएको छ। स्थानीय स्तरमा लामो समयदेखि उठाइएको यस महत्वपूर्ण समस्यालाई नगर प्रमुख सिंहले व्यक्तिगत चासो लिँदै नयाँ ट्रान्सफर्मर खरिद गरी समाधानमा पुर्‍याएका हुन् । एक स्थानीयका अनुसार, नगर प्रमुखले जनताको समस्याप्रति संवेदनशीलता देखाएर समयमै पहल गरेका कारण यो समाधान सम्भव भएको हो । बेलदारीका स्थानीय बासिन्दाहरूले आफ्नो समस्यालाई समयमै सम्बोधन गरीदिएकोमा नगर प्रमुख जलन्धर सिंहलाई हार्दिक धन्यवाद व्यक्त गरेका छन् ।

# सभामुख मण्डलद्वारा कालोपत्रे योजनाको शिलान्यास

*जनकपुर,१५ साउन ।*

मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले धनुषा जिल्लाको धनुषाधाम नगरपालिका-६, मालटोलमा प्रस्तावित ५ किलोमिटर लामो कालोपत्रे सडक निर्माणको शिलान्यास गरेका छन् । एक औपचारिक कार्यक्रमबीच मण्डलले योजनाको शिलान्यास गर्दै स्थानीय

बाँकी तेश्रो पृष्ठमा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा